# वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
## १६ औ कार्यपालिका बैठक (२०७९ साल फागुन १५ गते)
## ***प्रमाणित निर्णयहरु***

**निर्णय न. १. निर्णय कार्यान्वयन अवस्था सम्बन्धी**

यस अघीका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था बारे बैठकमा छलफल गरियो । कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई सिघ्र कार्यान्वयन गर्दै जाने ।

**निर्णय नं. २. नगर सभाको निर्णय कार्यान्वयन सम्बन्धी**

मिति २०७९।११।०४ गते सम्पन्न यस वीरेन्द्रनगर नगरपालिकाको १२ औ नगर सभाद्धारा भए गरेका निर्णयहरु सिघ्र कार्यान्वयन गरि आ. व. २०७९/८० का लक्षित योजना तथा कार्यक्रम तोकिएको समयमा सम्पन गर्न सवै शाखा तथा वडा कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ३. अर्थ मन्त्रालयको चालु खर्च नियन्त्रण सम्बन्धी**

नेपाल सरकार मन्त्रिपरिषदको बैठकबाट सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने गरी निर्णय भएको सन्दर्भमा हाल मुलुकमा आर्थिक गतिविधिमा संकुचन हुन गएको कारण देशमा लक्ष्य अनुसारको राजश्व असुली नभएको तथा बजेटरी सहायता समेत समयमा प्राप्त नभएको साथै चालु खर्च अत्याधिक भई नेपाल सरकारको श्रोतमा चाप परि देशको संचित कोषखाता समेत ऋणात्मक अवस्थामा भएकोले सार्वजनिक खर्चमा मितव्ययिता कायम गरि नेपाल सरकारको वित्त सन्तुलन कायम राख्न नेपाल सरकार अर्थ मन्त्रालयले मिति २०७९/१०/१७ मा संलग्न प्रेस विज्ञप्ति मार्फत निर्देशन भएको छ । सोही सन्दर्भमा कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको च.न. ४५१ मिति २०७९।११।०२ गते खर्च कटौती र वजेट रोक्का सम्वन्धी पत्र समेत प्राप्त भएको सन्दर्भमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २१(१) मा भएको व्यवस्था बमोजिम सरकारी खर्चमा मितव्ययिता कायम गर्न संलग्न परिपत्रमा उल्लेख भए बमोजिम तपशिल बमोजिम गर्ने निर्णय गरियो ।

<u>निम्न</u>

१.चालु आर्थिक वर्ष २०७९।८० को स्वीकृत बजेटको ईन्धन, मर्मत सम्भार, मसलन्द तथा कार्यालय सामाग्री, छपाई तथा सुचना प्रकाशन खर्च, सेवा र परामर्श, सूचना प्रणाली तथा सफ्टवयर संचालन खर्च, भ्रमण खर्च, अन्य भत्ता, कार्यक्रम खर्च, अनुगमन मूल्यांकन खर्च, तालिम, गोष्ठी सेमिनार, विविध खर्च, मेशिनरी तथा औजार, फर्निचर तथा फिक्चर्स,

वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
१६ औ कार्यपालिका बैठक (२०७९ साल फागुन १५ गते)

***प्रमाणित निर्णयहरु***

निर्मित भवनको संरचनात्मक सुधार खर्च आदी खर्च शिर्षकमा २० प्रतिशत खर्च कटौती गर्ने । साथै अर्को निर्णय नभएसम्मको लागि कुनै पनि भ्रमण कार्यक्रम नगर्ने ।

२.चालु आर्थिक वर्ष २०७९।८० को स्वीकृत बजेट तथा कार्यक्रममा परेका तर खरिद प्रक्रिया प्रारम्भ भई नसकेका चालु तर्फका कार्यक्रमको नगरपालिकाको पुर्व स्वीकृतिमा मात्र खरिद प्रकृया अगाडि बढाउने ।

३. चालु आर्थिक वर्ष २०७९।८० मा थप आर्थिक दायित्व पर्ने कुनै पनि काम नगर्ने ।

४. सामान्यतया कुनै आर्थिक सहायता प्रदान नगर्ने ।

५. चालु तर्फका खर्चमा अनिवार्य दायित्व (तलव, पोषाक जस्ता) बाहेक अन्यमा अनिवार्य २० प्रतिशत खर्च कटौती गर्ने ।

**निर्णय नं. ४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय लगायत प्रदेश मन्त्रालयको एकिकृत प्रशासकीय भवनका लागि जग्गा उपलब्ध गराउने सम्बन्धी**

कर्णाली प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश मन्त्रालयहरुको एकीकृत प्रशासकीय भवन निर्माण गर्न वीरेन्द्रनगर नगरपालिका वडा. नं. ७ मा रहेको कि.नं. ४ र कि.नं. ७ (नक्सा नं. २९११२९०७) क्षेत्रफल १२६४६ वर्ग मिटरको सरकारी जग्गा उपलब्ध गराइदिनु हुन भनी अनुरोध भई आएकाले सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति,२०७९ बमोजिम कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र प्रदेश मन्त्रालयहरुको एकीकृत प्रशासकीय भवन निर्माण गर्नको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेश, सुर्खेतलाई वीरेन्द्रनगर नगरपालिका वडा. नं. ७ मा रहेको कि.नं. ४ र कि.नं. ७ (नक्सा नं. २९११२९०७) क्षेत्रफल १२६४६ वर्ग मिटर जग्गा उपलव्ध गराउन सिफारिस गरिदिन अनुरोध भई आएकोमा सुर्खेत उपत्यका नगर विकास समितिको कार्यालयको पूर्ववत निर्णय एंव अभिलेख हेरी आगामी वैठकवाट निर्णय लिने ।

वीरेन्द्रनगर नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत
१६ औं कार्यपालिका बैठक (२०७९ साल फागुन १५ गते)
**प्रमाणित निर्णयहरु**

निर्णय नं. ५. आ.व. २०८०।०८१ का लागि समपुरक र विशेष अनुदान तर्फका योजनाको छनौट तथा सिफारिस सम्बन्धी

आ.व. २०८०।०८१ का लागि समपुरक र विशेष अनुदान तर्फ यस वीरेन्द्रनगर नगरपालिकामा संचालन गर्ने गरी देहायका आयोजनाहरु छनौट गरी स्वीकृतिका लागी कर्णाली प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्ने ।

(क) समपुरक आयोजनाहरु तर्फ

१. ल्याण्डफिल साईट पहुँच मार्ग वी.न.पा, १
२. करेखोला नलखोला कृषी सडक वी.न.पा, १३
३. नेता चोक आँखा अस्पताल सडक निर्माण वी.न.पा, ६
४. मंगलगढी शिव मा वी सडक वी.न.पा, ९
५. बामेखोला भेरी सडक स्तरोन्नती वी.न.पा, १०
६. वीरेन्द्रनगर भित्रका गत विगतमा प्रदेश सरकारबाट लगानी भई अधुरो रहेका पूर्वाधार तर्फका आयोजना २ करोड

(ख) विशेष आयोजनाहरु तर्फ

१. दिशाजन्य लेदो व्यवस्थापन प्लान्ट विस्तार आयोजना वी.न.पा, १
२. थाली खानेपानी आयोजना वी.न.पा, १४
३. काँक्रिबिहार मिनी जु चिडियाखाना वी.न.पा, ९

निर्णय नं. ६. विविध

(क) वीरेन्द्रनगर नगरपालिका वडा नं १२ नारायण टोलमा सामुदायिक भवन बनाउन भौतिक पुर्वाधार विकास मन्त्रालय, कर्णाली प्रदेशवाट वजेट समेत विनियोजित भएकोमा योजना कार्यान्वयन गर्न पायक पर्ने प्रेम वहादुर नेपालीले हकभोग गर्दै आएको सार्वजनिक जग्गामा भवन बनाउन कार्यपालिकावाट निर्णय हुन वडा समितिको निर्णय सहित अनुरोध भई आएकोले उक्त सार्वजनिक जग्गामा सार्वजनिक उपयोगको लागि सामुदायिक भवन बनाउन भौतिक पुर्वाधार विकास मन्त्रालय, कर्णाली प्रदेशमा सिफारिस गर्ने ।

२०७९।११।१५

२०७९।११।१५

वीरेन्द्रनगर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

१६ औं कार्यपालिका बैठक (२०७९ साल फागुन १५ गते)

***प्रमाणित निर्णयहरु***

(ख) यस वीरेन्द्रनगर नगरपालिकामा बजार क्षेत्र एंव महत्वपुर्ण सार्वजनिक स्थलको आपतकालिन सरसफाई व्यवस्थापन: कार्यमा विगत २०७९ भाद्र २८ गतेको कार्यपालिका बैठकको निर्णय न. ५ (ख) अनुसार तिन महिनाका लागि ६ जना जनशक्तिको राखि सरसफाई व्यवस्थापनको काममा लगाउने निर्णय भएकोमा हाल यस कार्य प्रभावकारी देखिएकाले निरन्तरताको लागि चालु आर्थिक वर्षको सरसफाई तर्फको शिर्षकबाट खर्च लेखि २०८० आषाढ मसान्तसम्म यो कार्यलाई निरन्तरता दिने ।